# भाग ५

## नेपाल सरकार

## पूर्वाधार विकास मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०८१/०८२ सम्म सम्पन्न गर्ने गरी विनियोजित बजेट भन्दा बढीको ठेक्का व्यवस्थापन भई दायित्व सिर्जना भएको तर सोही आर्थिक वर्षभित्र सम्पन्न हुन नसकेका बजेट उपशीर्षक नं. ३३७०११३८ अन्तर्गत निर्माणाधीन अवस्थामा रहेका ५ वटा सडक योजना र बजेट उपशीर्षक नं. ३३७०११६९ अन्तर्गत निर्माणाधीन अवस्थामा रहेका ३१ वटा सडक योजनाको दायित्व व्यवस्थापन गर्नको लागि पूर्वाधार विकास मन्त्रालयको खर्च हुन नसकेको बजेटबाट रकमान्तर गर्ने आदेश जारी गर्ने निर्णय मिति २०८३/०३/१८ मा गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**गोपाल प्रसाद सिग्देल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.९७-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।